# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### न्यूरोड, पोखरा, कास्की ।

प्रथम पटक प्रकाशित मिति :२०७५/०९/१३

करारमा सुरक्षा सेवा उपलब्ध गराउने बारेको शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

पोखरा महानगर कार्यालय परिसर भित्र रहेको चल अचल सम्पत्तीको चौविसै घण्टा सुरक्षा प्रदान गर्ने प्रयोजनको लागि २(दूई) वर्षका लागि सुरक्षा गार्डको सेवा करार आवस्यक परेकोले उक्त कार्य करारमा गर्न चाहने ईच्छुक रजिष्टर्ड फर्मवाट देहायका शर्तहरुको अधिनमा रहि सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

| दरभाउपत्र नं | विवरण | लागत अनुमान (मु अ कर समेत) | जमानत रकम |
|---|---|---|---|
| 28/PMC/NCB/S/2075-76 | सुरक्षा सेवा | रु १७,९१,६०१।७१ | रु ४५,००० |

१. पोखरा महानगरपालिका कार्यालयको सुरक्षा व्यवस्थाका लागि हेड गार्ड-१, सुरक्षा गार्ड-२ समेत कुल जम्मा ३(तीन) जवान कार्यालयको सुरक्षामा खटाउनु पर्ने छ । साथै सोको लागि लिने वार्षिक रकम सिलवन्दी दरभाउपत्रमा उल्लेख गर्नुपर्नेछ ।

२. दरभाउपत्र फाराम रु १,०००।-(अक्षरुपी एकहजार मात्र) पछि फिर्ता नहुने गरी वुझाई लिखित निवेदनका साथमा फर्म दर्तापत्र , मु.अ.क.दर्ता प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्र (वा म्याद थपको पत्र) हरुको प्रमाणित प्रतिलिपिहरु पेश गरी यस कार्यालयवाट मिति २०७५।०९।२७ गते कार्यालय समय भित्र कार्यालयको खरिद ईकाइबाट खरिद गर्न सकिने छ ।

३. सिलवन्दी दरभाउपत्र मिति २०७५।०९।२९ गते दिनको १२.०० वजेसम्म खरिद ईकाइमा दर्ता गरिसक्नु पर्नेछ ।

४. म्याद भित्र रितपुर्वक पर्न आएका सिलवन्दी दरभाउपत्रहरु सोहि दिनको २.०० वजे यस कार्यालयमा उपस्थित भएका दरभाउपत्र दाता वा प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पुग्ने छैन ।

**५.** सिलवन्दी दरभाउपत्रका साथमा जमानत वापतको रकम नगदै भए यस कार्यालयको रा.वा. वैक ,पृथ्वीचोक शाखामा रहेको धरौटी खाता नं. **३०२०३०३००७१०६** मा जम्मा गरेको सक्कलै भौचर वा कम्तीमा ७५ दिन म्याद भएको क वर्गको वाणिज्य वैकवाट जारी गरिएको विडवण्ड संलग्न हुनुपर्ने छ ।

६. सिलवन्दी दरभाउपत्र भर्दा अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्ने छ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।

७. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने /नगर्ने सम्पुर्ण अधिकार यस महानगरपालिका कार्यालयमा सुरक्षित रहने छ ।

८. अन्य विस्तृत शर्तहरु शिलबन्दी दरभाउपत्र सम्वन्धि कागजातमा उल्लेख गरिएको छ । थप जानकारीको लागि यस कार्यालयको खरिद ईकाइमा सम्पर्क राख्न सकिने छ ।